# 多言語情報コーナー　　（令和７年　５月号）

## (१) अटोमोबाइल कर, स्थिर सम्पत्ति कर, आदिको भुक्तानी बारे जानकारी।

मे महिनामा, कार वा मोटरसाइकल भएका व्यक्तिहरूले अटोमोबाइल कर र हलुका सवारी साधन करको लागि कर सूचनाहरू हुलाक मार्फत प्राप्त गर्नेछन्।

तपाईंले आफ्नो भुक्तानी पर्ची प्राप्त गरेपछि, भुक्तानीको अन्तिम मिति जून २ तारीख़ हो, त्यसैले अन्तिम मिति भित्र भुक्तानी गर्न निश्चित हुनुहोस्।

अटोमोबाइल कर र हलुका सवारी साधन कर क्रेडिट कार्ड वा PayPay जस्ता स्मार्टफोन भुक्तानी एप मार्फत तिर्न सकिन्छ।

यसका साथै, शहर भित्र जग्गा वा घर भएका व्यक्तिहरूले सम्पत्ति कर र शहर योजना कर भुक्तानीको सूचना प्राप्त गर्नेछन्।

सम्पूर्ण अवधि र पहिलो अवधिको लागि भुक्तानीको अन्तिम मिति जून २ तारीख़ हो। यदि तपाईंले सूचना प्राप्त गर्नुभयो भने, निश्चित गर्नुहोस् कि तपाईंले तोकिएको मिति भित्र भुक्तानी गर्नु पर्नेछ।

### २. तोचिगी शहर विवाह र नयाँ जीवन सहयोग अनुदानको बारेमा जानकारी !

तोचिगी नगरमा आफ्नो वैवाहिक जीवन सुरु गर्ने जोडीहरूलाई नयाँ घरको भाडा, खरिद लागत र सर्ने खर्चको लागि अनुदान प्रदान गरिन्छ।

यो अनुदान प्राप्त गर्ने योग्य नवविवाहित परिवारहरूमा, जसको विवाह दर्ता अप्रिल १, २०२५ र मार्च ३१, २०२६ बीचमा स्वीकृत भएको हुनुपर्नेछ । जोडीहरूले केही आवश्यकताहरू पूरा गर्नुपर्छ, जसमा जनवरी देखि डिसेम्बर २०२४ सम्मको उनीहरूको कुल आम्दानी ५० लाख येन भन्दा कम हुनु, विवाहको समयमा दुवै पति/पत्नी ४० वर्षभन्दा कम उमेरको हुनु, र उनीहरूसँग कुनै पनि नगर कर तिर्न बाँकी हुनु हुँदैन । विदेशी नागरिकहरूले नगरपालिकामा विवाहको सूचना पेश गरेका छन् भने उनीहरू पनि यसमा योग्य हुन्छन्।
अनुदान रकम ३००,००० येन सम्म छ। यदि तपाईंको भाडा ५०,००० येन छ भने, अनुदानले छ महिनाको भाड़ालाई समेट्नेछ। पाउन योग्य खर्चहरूमा आवासको भाडा, सुरक्षा निक्षेप (सिकी किन्), की मनि (रेइ किन्), साझा क्षेत्र शुल्क, ब्रोकरेज शुल्क, डेरा सार्ने  कम्पनी वा यातायात कम्पनीहरूलाई तिरेको खर्च, र घर खरिद वा निर्माणको लागत समावेश छ।
आवेदन अवधि अप्रिल १, २०२५ देखि मार्च ३१, २०२६ सम्म हो।
यदि तपाईं आवेदन दिने विचार गर्दै हुनुहुन्छ भने, कृपया चिइकी सेइसाकु-का  (क्षेत्रीय नीति विभाग) लाई ०२८२-२१-२४५३ मा सम्पर्क गर्नुहोस्।

### ३. नगर-सडक (तोउबु निक्को लाइन रेलमार्ग क्रसिङ) बन्दको सूचना !

हाल, तोचिगी शहरमा इमाइजुमी इजुमिगावा लाइन शहरी योजना सडक सुधार परियोजना सञ्चालन भइरहेको छ।
तोउबु निक्को लाइन अन्तर्गत ग्रेड सेपरेसन गर्न ओभरपासको मुनिको भागमा निर्माण कार्य भइरहेको हुनाले, शहरको सडकको केही भागहरू यातायातको लागि बन्द गरिनेछ।
सडक बन्द पूर्व इमाइजुमी नर्सरी स्कूल नजिकैको रेलवे क्रसिङमा हुनेछ।
यसका साथै, सडक खुलेपछि लेभल क्रसिङ पनि खारेज हुन सक्नेछ।
सडक बन्द अवधि अप्रिल १५, २०२५ देखि मार्च १०, २०२६ सम्म हुने तालिका छ। निर्माण अवधिमा भएको कुनै पनि असुविधाको लागि हामी क्षमा चाहन्छौं, र तपाईंको समझदारी र सहयोगको लागि कदर गर्दछौं।

**४. कार्बन तटस्थताको बारेमा जानकारी !**

जापानमा, गर्मीमा चर्को गर्मी सामान्य भइसकेको छ, र ताइफुउ (आँधीबेहरी) र अन्य घटनाहरूबाट हुने भारी वर्षाले नदीहरूमा पानीको बहाव बढाउँछ, जसले गर्दा क्षति हुन्छ । खडेरी र भारी वर्षा जस्ता चरम मौसमी घटनाहरू विश्वभरि बारम्बार भइरहेका छन् । यी असामान्य मौसमी घटनाहरू मानवद्वारा बढेको कार्बन डाइअक्साइड उत्सर्जनका कारण बढ्दो विश्वव्यापी तापक्रमका कारण भएको छ ।
के तपाईंले "कार्बन न्यूट्रल" भन्ने शब्द सुन्नुभएको छ ? यो विश्वव्यापी तापक्रम वृद्धिको कारक कार्बन डाइअक्साइड सहित हरितगृह ग्यासहरूको उत्सर्जनलाई शून्यमा झार्ने पहल हो ।

कार्बन तटस्थता हासिल गर्न व्यक्तिहरूले अहिले गर्न सक्ने एउटा सजिलो काम भनेको बिजुली बचत गर्नु हो । यसको अर्थ घरमा प्रकाश फिक्स्चर, टेलिभिजन र एयर कन्डिसनरको प्रयोग गरेर बिजुलीको खपत घटाउनु र ऊर्जा-कुशल घरेलु उपकरणहरूमा स्विच गर्नु हो ।
२०२७ मा फ्लोरोसेन्ट बत्तीको उत्पादन, आयात र निर्यात बन्द हुनेछ। यसको सट्टामा एलईडी बत्ती जडान गरिनेछ । इन्क्यान्डेसेन्ट बल्बहरूलाई एलईडी बल्बले बदल्दा बिजुली खपत कम हुन्छ र तपाईंको बिजुलीको बिलमा पैसा बचत हुन्छ ।
कार्बन-तटस्थ समाज निर्माणमा योगदान पुर्‍याउन व्यक्तिहरूले आफ्नो दैनिक जीवनमा गर्न सक्ने धेरै अन्य कुराहरू छन्, जस्तै खानेकुरा खेर फाल्ने बानी घटाउने, गाडी चलाउनुको सट्टा सार्वजनिक यातायात साधन प्रयोग गर्ने, र फोहोरको मात्रा घटाउने ।
विश्वव्यापी तापक्रम वृद्धिसँग लड्ने हाम्रो प्रयासको एक भागको रूपमा, हामी प्रत्येकले व्यक्तिगत रूपमा के गर्न सक्छौं भन्ने बारे सचेत हुनुपर्छ र व्यवहारमा उतार्नुपर्छ ।